यो क्षयरोग सम्बन्धि कागजात , क्षयरोगबारे जानकारी हासिल गराउन तयार गरिएको सन्दर्भ सामग्रीको अनुवाद हो। स्वास्थ्य केन्द्रबाट प्रकाशित जापानी भाषामा लिखित कागजातमा कानूनी प्रावधान सुरक्षित गरिएको छ।

स्वास्थ्य पत्र सङ्ख्या..........

① जापान संवत्........साल........महिना........तारिख

______________________ज्यू

________________जनस्वास्थ्य केन्द्र प्रमुख

रोजगारी प्रतिबन्ध सम्बन्धी सूचना पत्र

तपाईँलाई सरुवा रोगको रोकथाम एवम् सरुवा रोगको बिरामीको लागि गरिने उपचार सम्बन्धी कानुन (उपरान्त "ऐन" भनिने।) दफा नं. 6 मा तोकिए अनुसार क्षयरोगबाट सङ्क्रमित भएको कुरा देखिन आएको छ।

यस सम्बन्धमा, ऐनको दफा नं. 18 को अनुच्छेद 2 मा आधारित रहेर निम्न लिखित रोजगारी प्रतिबन्ध लाग्ने भएकोले, सावधानी अपनाउनुहोस्।

यस रोजगारी प्रतिबन्ध उल्लङ्घन गरेमा, ऐनको दफा नं. 77 को अनुच्छेद 4 को प्रावधान बमोजिम 5 लाख येन सम्मको जरिवाना लाग्नेछ।
त्यसर्थ, दफा नं १८ को अनुच्छेद ३ मा तोकिए अनुसार, तपाइँले यस रोजगारी प्रतिबन्ध अवधिभर, जनस्वास्थ्य केन्द्र प्रमुखलाई, त्यस प्रतिबन्धबाट फुकुवा भएको प्रमाणित गरिदिने माग राख्न सक्नुहुनेछ।

1 अवस्था

(1) लक्षण

खोकी, खकार, ज्वरो, छाती दुख्ने, श्वासप्रश्वासमा कठिनाइ, अन्य(                    ), केही नभएको

(2) निदान विधि ____________________

(3) प्रथम जाँच भएको मिति ____________________

(4) निदान मिति ____________________

2 रोजगारी प्रतिबन्धको विषयवस्तु

(1) रोजगारी प्रतिबन्धित गरिने कार्यहरु ग्राहकलाई आतिथ्य प्रदान गर्ने कार्य तथा अन्य धेरै सङ्ख्यामा मानिससँग सम्पर्कमा आउने कार्यहरु
(2) रोजगारी प्रतिबन्धित अवधि त्यस रोगको कारक तत्व/ जीवाणु नष्ट नभएसम्म, अथवा त्यसको लक्षण नहराए सम्म कार्यहरु प्रतिबन्धित हुनेछन।

3 अन्य

(1) उक्त सरुवा रोगको लक्षण देखा पर्न छोडेमा, स्वास्थ्य केन्द्र (होकेन्- ज्यो) मा सम्पर्क गर्नुहोस्।
(2) यस निर्णय प्रति असन्तुष्टी भएमा , यो निर्णय थाहा पाएको भोलि पल्टको मिति देखि 3 महिना भित्र (प्रान्त) गभर्नर उपर छानविनका लागि माग पेश गर्न सकिनेछ।
(3) यस निर्णय प्रति असन्तुष्टी भएमा, माथि उल्लेखित (2) छानविन माग पेश पत्र वाहेक , यो निर्णय थाहा भएको भोलि पल्ट को मिति देखि 6 महिना भित्र (प्रान्त) लाई प्रतिवादी गरि (यस मुद्दाका लागि (प्रान्त)को प्रतिनिधि (प्रान्त ) का गभर्नर हुनेछ। ), यस निर्णय वदरका लागि मुद्दा दाखिला गर्न सकिनेछ।
(4) माथि उल्लेखित (2) को छानविन माग पेश गरेमा , त्यस छानविन माग सम्बन्धि फैसला भएको थाहा पाएको भोलिपल्ट देखि 6 महिना भित्र (प्रान्त) प्रतिवादी गरि, यस निर्णय वदरका लागि मुद्दा दाखिल गर्न सकिनेछ।

इन्चार्ज :

“विदेशीहरुका निम्ति HIV परिक्षण र स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्ने सम्बन्धि अनुसन्धान समूह” (किताजिमा चुतोमु समूह ) को आधारमा तयार गरिएको